**त्रिपुर नगरपालिकाको तेश्रो नगरपरिषद्मा नगर प्रमुख एवं कार्यकारी अधिकृत कमानसिं थापामगरले प्रस्तुत गर्नु भएको**

**आ.व. ०७४/०७५ को नीति,कार्यक्रम तथा वजेट वक्तव्य**

**२०७३ पौष २० गते**

**"जल, जंगल,जमिन, कृषि, पर्यटन, स्वास्थ्य र शिक्षा ! समृद्ध त्रिपुर निर्माण नगरबासिको इच्छा"**

प्रमुख अतिथि, माननीय श्री रेखा शर्मा ज्यू ,

बिशिष्ट अतिथि स्थानीय विकास अधिकारी श्री कुल बहादुर जि.सी. ज्यू,

अतिथि प्रहरी उपरिक्षक श्री धिरज प्रताप सिंह ज्यू

सम्पूर्ण राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्युहरु

आमन्त्रीत सम्पूर्ण जिल्ला स्तरीय सरकारी कायार्लयका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,

उ.वा. संघ एवं सबै गैरसरकारी संस्था तथा निजी क्षेत्रका प्रमुख एवं प्रतिनिधि ज्यूहरु

नगरस्तरीय विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधी ज्यूहरु,

नगर स्तरीय संजाल,समिति,मतवा महाँसंघ लगायत समाजिक संघ संगठनका अध्यक्ष तथा प्रतिनिधि ज्यूहरु ,

साविकका गाविसका अध्यक्ष ज्यूहरु,

पत्रकार महासंघ  अध्यक्ष ज्यू,

पदपूर्ति समितिका अध्यक्ष ज्यू,

त्रिपुर नगरपालिकामा रहेका सबै विद्यालयका प्र.अ. तथा क्याम्पसका प्रमुख ज्यूहरु,

वडा नागरिक मन्च र नागरिक सचेतना केन्द्रका संयोजक ज्यूहरु

सम्पूर्ण मिडियाका सम्पुर्ण संचारकर्मी साथीहरु ।

नगरस्तरीय सुरक्षा निकायका प्रमुख ज्यू ।

सम्पूर्ण सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यू हरु

जेष्ठ नागरिक ज्यू हरु ,

मेलमिलाप केन्द्रका संयोजक ज्यूहरु

नगरपालिकामा रहेका समुदायमा आधारित संघ संस्थाका अध्यक्ष,प्रमुख तथा प्रतिनिधि ज्यूहरु,

बुद्धिजीवी, समाजसेवी, कर्मचारी एवं उपस्थित भद्र महिला तथा सज्जनवृन्द, नगरबासि महानुभावहरु,

सवर्प्रथम नेपाल र नेपाली जनताको हितका लागि नयाँ नेपाल निर्माण गर्ने कार्यमा आफनो जीवन उत्सर्ग गर्ने नेपाल आमाका सपुतहरु, सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदा सुमन व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछु ।

त्रिपुर नगरपालिकाको तेस्रो नगर परिषद् कार्यक्रमलाई सफल बनाउन हाम्रो आमन्त्रणलाई शिरोपर गर्दै व्यस्तताका बाबजुद आफ्नो अमूल्य समय दिइ उपस्थित भैदिनु भएकोमा प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू लगायत सम्पूर्ण अतिथि ज्यूहरुलाई त्रिपुर नगरपालिकाको कार्यालय दाङ को तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

यसैगरी नगरको विकासमा सदैव सहयोग समन्वय र सहकार्य गर्नुहुने माननीय ज्यू, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, सरकारी निकाय एवं गैरसरकारी संस्थाहरु, निजी क्षेत्र, संचार क्षेत्र लगायत समावसेवी वुद्धिजीवी, शिक्षक तथा सबै नगरबासीहरुमा धन्यवाद ज्ञापन गर्दछु ।

**आदरणिय प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु लगायत उपस्थित आमन्त्रीत सहभागी ज्यूहरु**

अब म त्रिपुर नगरपालिकाको संक्षिप्त परिचय प्रस्तुत गर्न चाहन्छु ।

त्रिपुर नगरपालिका भर्खरै तेश्रो वर्षमा प्रवेश गरेको छ, बि.स. २०७१।०८।१६ मा नेपाल सरकारको निर्णयबाट त्रिपुर नगरपालिका घोषणा भएको हो : तत्कालिन गाविसहरु नारायणपुर,हापुर र ढिकपुरलाई समायोजन गरी नगरपालिकाको नामाकरण तीन पुरबाट **त्रिपुर** भएको हो । भौगोलिक क्षेत्रफल ११७ वर्ग कि.मि भएको यस नगरपालिकामा २०६८ को जनगणना अनुसार ८,८६१ घरधुरीमा ४१,१८३ जनसँख्याको बसोबास रहेको छ । त्रिपुर नगरपालिका **पूर्ण साक्षर घोषणा** भै सकेको ,**खुला दिशामुक्त र पूर्ण खोपयुक्त घोषणा** भैसकेको छ तिव्र गतिमा नगरपालिकाले विकास योजनाहरु सन्चालन गरिरहेको छ ।

**माननीय प्रमुख अतिथि तथा अतिथि ज्यूहरु**

अब म नगर परिषद्को सम्मानित यो सभामा विगत वर्षहरुका नगर परिषद्बाट पारित केहि नीति तथा कार्यक्रम हरु र ती नीतिहरुको कार्यन्वयनको अवस्थालाई संक्षिप्त प्रस्तुति गर्ने अनुमति चाहन्छु ।

१) विकास निर्माण र प्रशासनिक प्रकृयालाई प्रभावकारी बनाउन दण्ड र पुरस्कारको निति अवलम्बन गरिएको छ ।

२) सार्वजनिक वित्तको जोखिमलाई शुन्यमा झार्न शुन्य पेश्कीको नीति अवलम्बन गरि त्यसमा सफल अभ्यास पनि गरिएको छ ।

३) नगरपालिका क्षेत्रमा रहेको सरकारी सार्वजनिक प्रति ऐलानी जग्गाहरु र संरक्षणको लागि वजेट विनियोजन गरी कार्य थालिएको छ, २५५८ विगाहा रहेको सरकारी सार्वजनिक जग्गाहरुको अभिलेख तयार पारिएको छ ।

४) नगर क्षेत्र भित्र जनस्वास्थ्य प्रवर्द्धनका लागि आवश्यकता अनुसार स्वास्थ्य शिविरहरु संचालन गरिएको,शिविर संचालनका कार्यक्रम निरन्तर रहेको र शहरी स्वास्थ्य केन्द्र स्थापना गरिएको छ।

५) नगरपालिकाको नगर यातायात गुरुयोजना तयार भै यसै वर्षदेखि कार्यन्वयन सुरु भै सकेको छ ।

६) नगरपालिकाको मुख्य सडकहरुमा सौर्य सडक वत्ति जडान प्रकृया शुरु भै ४० वटा सडक वत्ति जडान सम्पन्न र थप जडान कार्यक्रम निरन्तर रहेको छ ।

७) स्थानीय गौरबको ५० लाख बढी लागत हुने ८ वटा ठूला योजनाहरु नगरपालिकाले स्रोत जुटाई यसै आ.व.मा संचालन गर्न योजना छनौट र बजेट विनियोजन भै कार्यन्वयन शुरु गरिएको छ ।

८) आ.व.०७२/०७३ मा नगरपालिकाले नगरबासिहरुको मागमा आधारित ७९ वटा लक्षित वर्ग कार्यक्रम र ठूला साना १५५ वटा भौतिक पूर्वाधार विकासका योजनाहरु सम्पन्न गरिसकेको छ भने यस आ.व.मा नगरपालिकाको नियमित पूजिगत अनुदानको स्रोतबाट मात्र ३१० योजना तथा कार्यक्रमहरु संचालन भैरहेका छन् ।

९) नगरपालिकाको रिङ्गरोड सर्भेको काम आंशिक रुपमा सम्पन्न भएको छ भने नगरपालिका र जि.वि.स. दाङको वजेट बाट रिङ्गरोड निर्माण कार्य सुरु भैसकेको छ ।

१०) त्रिपुर ७ को विजौरीडाँडालाई बहुउद्देश्यीय पार्कको रुपमा विकास गर्न लगानी गरी पार्क निर्माण शुरु गरिएको छ, गत वर्षदेखि नै क्रमागत योजनाको रुपमा अगाडी बढाई यसवर्ष पनि पार्कको निर्माण र विकासमा थप कार्य हुदैछन् ।

११) महान र पवित्र मन भएका जग्गादाताहरुबाट नगरपालिकालाई बहुमूल्य १०।५ कट्ठा जग्गा निःशुल्क दानमा प्राप्त भएको छ ।

१२) एक वर्ष भित्रमा नै नगरपालिकालाई न्युनतम आवश्यक पर्ने यन्त्र उपकरण,सवारी साधनहरुको व्यवस्थापन भैसकेको छ ।

१३) नगरपालिकाको आफ्नै लगानीमा नीजि क्षेत्र संगको सहकार्यमा नारायणपुर बसपार्क संचालनमा ल्याएको छ ।

१४) नगरपालिकाले लेस पेपर गर्भमेन्ट लाई अंगिकार गर्न विभिन्न सफ्टवेयरहरुको प्रयोग गर्दै विद्युतिय सेवाहरु संचालनमा लिएको छ ।

१५) त्रिपुर नगरपालिकाको वस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड र टोल विकास संस्था संचालन निर्देशिको स्वीकृत भैसकेको छ ।

**नगरपालिकाले आ.व.०७४।०७५ लागि नीति तथा कार्यक्रम तर्जूमा गर्दा देहायका मार्गदर्शक सिद्धान्तका आधारहरु लिएको छ ।**

क) नेपालको संविधानका निर्देशक सिद्धान्त र मौलिक हकहरु

ख) स्थानीय स्वायत्त शासन ऐन २०५५

ग) नेपाल सरकारको बजेट तथा राष्ट्रिय योजना आयोगको प्राथमिकताका क्षेत्रहरु

घ) दिगो विकास अवधारणा (SDG) ले प्राथमिकतामा राखेका कुराहरु

ङ) स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९,

च) वालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यविधि, २०६८

छ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६,

ज) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र जिविस बाट प्राप्त मार्गदर्शनहरु,

झ) स्थानीय निकाय संग सम्बन्धित सबै कानुन तथा कार्यविधिहरु ।

नगरपालिकाको समग्र विकास गर्ने उद्देश्य लिदै आ.व. ०७४।०७५ को बजेट बाट लक्षित गरेको नगरपालिकाको प्राथमिकता र नगरपालिकाले लिने नीतिहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**प्राथमिकता :**

१. यातायात तथा पर्यटन पूर्वाधार

२. कृषि (जल, जंगल र जमिन)

३. शिक्षा

४. स्वास्थ्य , खानेपानी तथा सरसफाई

५. लक्षित वर्ग विकास कार्यक्रम र वातावरण संरक्षण,

**आ.व. ०७४।०७५ मा अबलम्बन गरिने नीतिहरु :**

१. "**जल,जंगल,जमिन,कृषि,पर्यटन, स्वास्थ्य र शिक्षा , समृद्ध त्रिपुर निर्माण नगरबासिको इच्छा**" मूल नारालाई नै मूल नीतिको रुपमा अबलम्बन गरिएको छ ।

२) नगरपालिकाले नगर क्षेत्रमा सडक संजालले नजोडको स्थानहरुमा आगामी ३ वर्षभित्र सडक संजालले जोड्ने नीति लिएको छ ।

३) एक वडा एक सामुदायिक भवन निर्माण गर्ने नीति लिएको छ ।

४) वातावरणमैत्री नगरपालिका अभियान सुरु गर्दै पानीको स्रोत जोगाउन आवश्यकता अनुसार रिचार्ज पोखरीहरु निर्माण शुरुवाट गर्दै लगिने नीति लिएको छ ।

५) एक नगर एक पहिचान ***ONE CITY ONE IDENTITY*** कार्यक्रम लागू गर्ने नीति लिएको छ ।

६) वृहत्तर नगर विकास योजनामा निर्माण र सोही बमोजिम नगर विकास गर्ने नीति लिएको छ

७) नयाँ सडकहरु निर्माण तथा पुराना सडकहरुको स्तरउन्नतीको योजनामा सडक दायाँबाया अनिवार्य रुख रोप्न र हुर्काउन **ग्रीन सिटी, अनुदान नीति** लिइएको छ ।

८) नगरपालिकाका ठूला सिंचाई योजनाहरुलाई प्राथमिकता दिइ **कृषिलाई, जमिन सिंचाई** नीति लिइएको छ ।

९) "नगरबासीको इच्छा, गुणस्तरीय प्राविधिक शिक्षा" लाई जोड दिदै तत्काल प्राविधिक जनशक्ति उत्पादनमा लगानी गर्ने र निकट भविष्यमा नीजि क्षेत्रहरुको साझेदारीमा त्रिपुरमा पोलिटेक्नीकल इन्स्टीच्युट स्थापनाको गर्ने सोच रहेको छ।

१०) सुन्दर,समृद्ध नगर : एक घर एक स्वरोजगार नीति लिइएको छ।

११) नगर क्षेत्रको पूर्वाधार विकास तर्फ १० लाख भन्दा कम रकमका योजना छनौट नगरिने नीति लिइएको छ।

११)सन् २०१८ भित्र वालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने नीति लिइएको छ।

**प्रमुख अतिथि ज्यू अतिथि ज्यू, लगायत आमन्त्रीत सहभागी ज्यूहरु ,**

अब म उपरोक्त नीतिलाई अबलम्बन गर्दै नगरपालिकामा प्राप्त हुने अनुमानित आयलाई दृष्टिगत गरी चालु आ.व.को संशोधित र आ.व. ०७४/०७५ को अनुमानित आय व्यय पेश गर्ने अनुमति चाहन्छु ,

दोश्रो नगर परिषद्मा यस आ.व.को लागि चालु खर्च तर्फ रु. ३ करोड ७५ लाख र पुजिगत खर्च तर्फ रु. ४ करोड ८६ लाख ३३ हजार गरी जम्मा ८ करोड ६१ लाख ३३ हजार आय व्यय अनुमान गरिएको थियो, जसमा चालु आ व. ०७३।०७४ को लागि चालु तर्फ रु. ५ करोड ४७ लाख ६६ हजार ४ सय र पुजिगत तर्फ रु.८ करोड ३८ लाख ४७ हजार गरी जम्मा रु.१३ करोड ८६ लाख १३ हजार ४ सय संशोधित व्यय हुने प्रस्ताव गरिएको छ। यस वर्षको संसोधित बजेट अनुमानमा राजश्व बाँडफाँड, आन्तरिक आयबाट बजेट अनुमान बृद्धि, सामाजिक सुरक्षा तर्फको रकम समेत बढेको र नेपाल सरकारको नि:शर्त पुजिगत अनुदानबाहेकका थप अनुदान रकम समेत प्राप्त भएकोले यस आ.व मा गत आ.व.को अनुमान भन्दा ६२.१३ प्रतिशतले वजेट वृद्धि गरिएको छ। यस वर्षको संसोधित वजेटमा चालु खर्च ३९.५१ प्रतिशत र पुजिगत खर्च ६०.४९ प्रतिशत रहेको छ।

आ.व.०७४।०७५ का लागि चालु तर्फ रु.५ करोड ६१ लाख ६६ हजार ४ सय र पुजिगत तर्फ रु.९ करोड ९४ लाख ८२ हजार ६ सय गरी जम्मा रु. १५ करोड ५६ लाख ४९ हजार आय व्यय अनुमान गरिएको छ। जसमा नगरपालिका आन्तरिक स्रोत तर्फ रु. १ करोड २० लाख, राजश्व बांडफाँड तर्फ रु. ६० लाख , नेपाल सरकार पुजिगत सशर्त तथा निशर्त अनुदान ८ करोड ३६ लाख ८२ हजार ६ सय, नेपार सरकार चालु अनुदान तर्फ रु. ५ करोड १३ लाख ६६ हजार ४ सय र अन्य विविध आयवाट प्राप्त हुन आउने अनुमानित आम्दानी रु. २६ लाख रहेको छ। आ.व. ०७४।०७५मा अनुमान गरिएको कुल बजेटबाट चालुतर्फ ३६ प्रतिशत र पुजिगत तर्फ ६४ प्रतिशत खर्च गर्ने अनुमान रहेको छ। आगामी आ.व.को पुजिगत खर्च तर्फको रकमबाट लक्षित वर्ग कार्यक्रम रु. १ करोड ६६ लाख ३६ हजार ६ सय चालिस, आर्थिक सामाजिक तथा भौतिक पूर्वाधार विकास तर्फ ६ करोड ९५ लाख ६७ हजार ४ सय ७२, प्रवर्द्धनात्मक क्षेत्र तर्फ रु. ८२ लाख ७८ हजार चार सय ८८ र समपुरक कोष तर्फ रु ५० लाख विनियोजन गरेको छु।

**माननीय प्रमुख अतिथि ज्यू, तथा अतिथी ज्यूहरु र उपस्थित महानुभावहरु,**

अब म आ.व. ०७४।०७५ को कार्यक्रम र बजेट प्रस्तुत गर्दछु।

**क) यातायात पूर्वाधार, समग्र विकासको आधार** :

नगरपालिकाको यातायात पूर्वाधारको विकाससंगै पर्यटकिय क्षेत्र विकासको लागि ३ वर्ष भित्र नगरको सबै क्षेत्रमा सडक संजालले जोड्ने नीतिका साथ तपशिलका सडक योजनाहरु कार्यान्वयनको लागि रकम विनियोजन गरेको छु।

१. नगरपालिकाको सबै कालोपत्रे बाटोहरूको मर्मत सम्भार र स्तरउन्नतीका लागि सडक बोर्ड नेपालबाट प्राप्त हुने बजेट रू.५० लाख विनियोजन गरेको छु ।

२. त्रिपुर चक्रपथ निर्माण कार्यको लागि क्रमागत रूपमा आगामी आ.व.मा पनि बुकाली डाडा देखि दक्षिण (सडक कालोपत्रे)को लागि रू.४५ लाख विनियोजन गरेको छु ।
३. त्रिपुर नगरपालिका १-५ संयुक्त वडा कार्यालय देखि उत्तर दक्षिण (सडक कालोपत्रे)को लागि रू. ४५ लाख विनियोजन गरेको छु ।
४. ३ वर्ष भित्र नगरको यातायात नजोडिएको क्षेत्रमा सडक पूर्‍याउन , दुर्गम क्षेत्र प्राथमिकतामा राख्दै यस वर्ष त्रिपुर ८ को खुम्कोटसम्म सडक ट्र्याक खोल्न रकम विनियोजन भै सकेको छ भने आगामी आ.व.को लागि त्रिपुर ६ खच्चरपालन देखि साजखर्क हुदै माराकोट सम्म (सडक ट्र्याक खोल्ने) कामको लागि रू. २५ लाख विनियोजन गरेको छु ।
५.नगर क्षेत्रका सडकहरूमा वाह्रै महिना यातायात संचालनको लागि नगरपालिकाको (१ देखि १३ वडासम्म ) प्राथमिकता हेरी आवश्यक स्थानमा सामान्य नियमित सडक मर्मत सम्भारको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
६. बुधौरा चोक उत्तर विपि/बाटिका सडक स्तरउन्नतीको लागि रू १० लाख विनियोजन गरेको छु ।

७. त्रिपुर ८ को उइनरे खोला र त्रिपुर २ को सुनडवरीमा वर्षा याममा पनि यातायत सुचारू राख्न सकिने उद्देश्यका साथ कल्भर्टहरू निर्माणको लागि रू. ११ लाख विनियोजन गरेको छ ।
८. यातायात पूर्वाधार तर्फ  नगरपालिकाको विभिन्न १० वटा वडाहरूमा वडा स्तरका ठूला १० वटा सडकहरू निर्माण तथा स्तर उन्नति को लागि ६५ लाख १९ हजार वजेट विनियोजन गरेको छु ।
९.नगरपालिकाको स–साना भौतिक पूर्वाधार तथा प्रवर्द्धनात्मक कार्यक्रमको लागि रू. ८२ लाख रकम विनियोजन गरेको छु ।
ख) **कृषिलाई जमिन सिंचाई :**
१.नगरपालिकाको उब्जाउ भूमिहरू सिंचाई सुविधाको अभावका कारण वर्षेनी बाँझो रहिरहेका, विउ तथा मलखाद अनुदान र कृषि सम्बन्धि आधुनिक खेति प्रणालीको लागि तालिम दिने विभिन्न सरकारी गैरसरकारी संस्थाहरू रहेर पनि सिंचाई अभावका कारण त्रिपुर नगरपालिका तरकारी, फलफुल तथा अन्नबालीमा आत्मनिर्भर बन्न चाहेर पनि सिंचाई बाधक बनिरहेको सन्दर्भमा नगरपालिकाले सिंचाई सुविधालाई प्राथमिकतामा राखि हिंउदे वर्षे सिंचाई सन्चालनका लागि नगर क्षेत्र पूर्वाधार विकास तर्फको ४ वटा सिंचाई योजनाको लागि रू. १ करोड विनियोजन गरेको छु ।
२.साना सिंचाई योजना अन्तरगत वडा नं. ५को तेल्य सिंचाईको लागि रू. ६ लाख ६६ हजार, वडा नं. ९ को डाबर सिंचाईको लागि रू ६ लाख ५७ हजार र वडा नं. १० को पोखरा बस्ती सिंचाईको लागि रू. ५ लाख ५६ हजार विनियोजन गरेको छु ।
ग) **<u>नगरबासिको इच्छा : गुणस्तरीय प्राविधिक शिक्षा,</u>**
१. १० वर्ष भित्र एक घर एक स्वरोजगार कार्यक्रमको लागि आवश्यक रकम आर्थिक सीप विकास र स्वरोजगारमूलक कार्यक्रममा विनियोजन गरिएको छ ।
२. निकट भविष्यमा नै त्रिपुरमा पोलिटेक्नीकल इन्स्टीच्युट स्थापना गर्ने सोचका साथ योजना अघि बढाइएको छ भने तत्कालीन राष्ट्रिय मागमा आधारित रहेको मध्यम तहको प्राविधिक जनशक्ति तयार गर्न विपन्न वर्गका जनताहरूको लागि प्राविधिक शिक्षामा लगानी गर्न रू. २० लाख विनियोजन गरेको छु । जसबाट CTEVT संगको सहकार्यमा त्रिपुर नगरबासि विपन्न वर्गका महिला ,दलित, अपांग, आदिबासी जनजाती मधेशी मुस्लीम समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति सहयोग गरिनेछ
३. सरकारी सामुदायिक विद्यालयहरूको स–साना भौतिक सुधारको लागि पनि रकम विनियोजन गरेको छु।
घ) **स्वास्थ्य**
१.विशेष गरि महिला तथा बालवालिका सम्बन्धी स्वास्थ्य सेवामा गुणस्तरीयता वृद्धि  गर्न स्वास्थ्य क्षेत्रमा लगानी गरिनेछ, आकस्मीक प्रसुती सेवा, आमा तथा बच्चाको पोषण र पूर्ण खोपको सुनिश्चीतताको लागि प्रसुति गृह निर्माण र स्वास्थ्य चौकीका भौतिक पूर्वाधार विकासमा सहयोगका लागि रू.१० लाख विनियोजन गरेको छु।
२. विभिन्न स्तरमा नगरका विकट क्षेत्रहरूमा स्वास्थ्य चौकीहरू र अन्य स्वास्थ्य सेवा प्रदायक संघसंस्थाहरू संगको सहकार्यमा स्वास्थ्य शिविरहरू सन्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
३. महिला स्वास्थ्य स्वयं सेविकाहरूको सामाजिक योगदानको कदर गर्दै स्वयं सेविका दिवशमा उत्कृष्ट महिला स्वयं सेविकालाई सम्मान गर्न, स्वयम सेविकाहरूको काममा थप हौसला र उर्जा थप्न प्रोत्साहन स्वरूप निश्चित रकम भत्ताको रूपमा उपलब्ध गराउन वजेटको व्यवस्था गरेको छु ।
घ) **खेलकुद तथा पर्यटन**
१. नगरको पर्यटन क्षेत्रको विकासको लागि नगरमा पर्यटकिय सम्भावनाहरूको अध्ययन गरी धार्मिक, सांस्कृतिक, साहसिक, खेलकुद पर्यटनका साथै कृषि पर्यटनको विकासको लागि पर्यटन विकास गुरूयोजना निर्माण गर्न आवश्यक वजेको व्यवस्था गरेको छु ।
२. लागत साझेदारीमा view tower निर्माणको लागि साझदारहरू संग म्याचिङ गरि उपयुक्त स्थानमा भ्यू टावर निर्माण प्रकृया अगाडी बढाउन रू. ५ लाख  विनियोजन गरेको छु ।
३. खेलकुद विकासको लागि नगरस्तरीय खेलकुद कार्यक्रमको शुरूवात गर्न वजेटको व्यवस्था गरेको छु ।
४. समग्र जनजातिहरूको पहिचान, कला संस्कृति संरक्षण गर्न , जिल्ला स्तरीय जनजाति संग्रहालयको रूपमा स्थापना हुने गरी त्रिपुर १० लरैनामा लरैना तालको बहुउपयोग समेत हुने गरी अन्य सरोकारवाला निकायहरूको समेत साझेदारीमा जनजाति संग्रहालय स्थापनाको लागि रू. ३५ लाख ७५ हजार रकम विनियोजन गरेको छु ।
५. जनजाति लक्षित कार्यक्रममा होम स्टे प्रवर्द्धनको लागि रकम विनियोजन गरिएको छ ।
ङ) **सरसफाई तथा फोहोरमैला व्यवस्थापन :**
१. सार्वजनिक नीजि साझेदारीमा नगरको फोहोरमैला व्यवस्थान गरिने सोचका साथ, सुरक्षित ल्याण्डफिल साइट को छनौट व्यवस्थापन र पहुच मार्ग निर्माण कार्यको लागि रू. २५ लाख विनियोजन गरेको छु ।
**च) लक्षित वर्ग कार्यक्रम :**
१.लक्षित वर्गको उत्थान र विकासको लागि विनियोजन गरिएको रकमलाई बढी सीपमूलक तथा रोजगारमूलक कार्यक्रममा केन्द्रित गरिएको छ। गरिबी घटाउने, रोजगारी बढाउने क्षेत्रमा खर्च हुने गरी सरकारी क्षेत्रमा पहुच वृद्धि गर्न र विभिन्न आयमूलक, सीपमूलक , चेतनामूलक कार्यक्रमहरू गर्न लक्षित वर्ग कार्यक्रमहरू लक्षित गरिएका छन् ।

२. सन २०१८ भित्र बालमैत्री नगरपालिका घोषणा गर्ने अभियान संचालन संगै बालबालिकाको समग्र क्षेत्रका विकासका लागि ६२ लाख ३८ हजार रकम विनियोजन गरेको छु ।
३. त्रिपुर नगरपालिका वडा नं. ७ को विजौरी डाडालाई बहुउद्देश्यीय पार्क निर्माणाधिन छ, सोको लागि आगामी आ.व.मा पनि रू. १३ लाख विनियोजन गरिएको छ ।
४. सामाजिक समानता तथा सामाजिक समाबेशिकरणको लागि जातिय भेदभाव हटाउने अभियान थालिने छ, जसको लागि क्रमश छुवाछुत मुक्त वडा घोषणा गर्दै अघि बढ्न आगामी आ.व.मा एक वडालाई छुवाछुत र भेदभावमुक्त वडा घोषणाको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
५. दलित आदिबासी जनजाति लगायत अन्य लक्षित वर्गहरूको कला संस्कृति संरक्षण, आर्थिक सामाजिक क्षमता विकास तथा आयआर्जन र सीप विकास सम्बन्धि कार्यक्रमको लागि ६२ लाख ३८ हजार विनियोजन गरिएको छ ।
६.लैङ्गिक हिंसा मुक्त नगर अभियान थालनी र महिला सशक्तिकरण र महिला सीप तथा क्षमता विकास कार्यक्रमहरू संचालन गर्न र लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न ४१ लाख ५९ हजार रकम विनियोजन गरेको छु ।
७.विकासको प्रमुख स्रोत मानव संशाधन हो, जो विना अन्य स्रोत साधनले गति लिन सक्दैन तसर्थ मानव संशाधन विकासको लागि यूवामा लगानी गर्ने र नगर विकासमा यूवाहरूको भूमिका खोज्ने गरी यूवा लक्षित कार्यक्रममा रकम विनियोजन गरेको छु ।

छ) **अन्य क्षेत्र**

१.नगरपालिकाको विभिन्न विपद् व्यवस्थापन कोष, मर्मत सम्भार कोष, वातावरण संरक्षण कोष लगायत विभिन्न कोषहरूको व्यवस्थापन र कोषबाट सम्बन्धित क्षेत्रमा आवश्यकता अनुसार रकम खर्च गर्ने गरी आवश्यक रमक विनियोजन तथा व्यवस्थापन गरिएको छ ।
२. वातावरणमैत्री नगरपालिका अभियानको लागि र रिचार्ज पोखरीहरू निर्माण (क्रमागत) को लागि रकम व्यवस्था गरिएको छ।
३. एक वडा एक सामुदायिक भवन नीतिको निरन्तरताको लागि वजेट विनियोजन गरेको छु ।
४. सौर्य सडक वत्ति लगायत नगरमा साझेदारीमा कार्य गरिरहेका गैरसरकारी संस्थाहरूसंगको सहकार्यमा विकास योजना संचालन गर्न म्याचिङ फण्डको व्यवस्थाको लागि रू. ५० लाख विनियोजन गरेको छु ।
५. सरकारी प्रति ऐलनी जग्गा संरक्षणको लागि तारबार वृक्षारोपण लगायतका कार्य गर्न बजेटको व्यवस्था गरेको छु ।
६. ग्रीन सिटी अनुदान नीतिको लागि सडक दायाँबाया रूख रोपी हुर्काएर ३ मिटर अग्लो भएमा बाकी संरक्षणको जिम्मा पनि जग्गाधनी वा सडकको उपभोक्ता समितिलाई नै हुने गरि हुर्किएको एक रूख बराबर २ हजार अनुदान पाउने गरी कोष व्यवस्था गरेको छु ।
७. नागरिक सचेतना केन्द्र र वडा नागरिक मन्चहरूको क्षमता विकास कार्यक्रमहरूको लागि बजेटको व्यवस्था गरेको छु।
८. त्रिपुर नगरपालिका द्वरा सञ्चालित बस पार्कको कुशल व्यवस्थापनको लागि PPP मोडलमा काम गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
९. बृहत्तर नगर विकास योजना निर्माणका लागि बजेटको व्यवस्था गरेको छु ।
१०. नगरपालिकाको सुशासन प्रबर्द्धन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
११. त्रिपुरको विकासको संभावनाहरू र सफलताहरूको व्यापक प्रचार प्रसारको लागि **विकास मैत्री मिडिया, मिडिया मैत्री नगरपालिका** कार्यक्रमको लागि बजेटको व्यवस्था गरेको छु ।

नीति कार्यक्रम संग सम्बन्धित बाँकी योजना तथा कार्यक्रमहरुको बारेमा विस्तृत जानकारीको लागि संलग्न फारामहरुबाट अध्ययन गर्नुहुन अनुरोध गर्दछु ।

हामी संग चुनौतिहरु धेरै छन र अबसरहरु पनि ,पर्याप्त खुला क्षेत्र नगरपालिकाको अधिक सम्भावना हो । हाम्रो जल,जंगल,जमिन, जनसंख्या हाम्रो स्रोतका खानी हुन, नगरपालिकाले योजना बिहिन विकास गतिविधि अघि बढाउने होइन, हामी विकासशील अवस्थामा छौ र हाम्रो भविष्यको बारेमा चिन्ता छ हामी दिर्घकालिन सोच सहितको दिगो विकासका लागि दुरदर्शि नीति निर्माणमा गरेर अघि बढीरहका छौ । समाज विकास भौतिक विकास जस्तो आजको भोली रातारात परिवर्तन हुने विषय होइन, हामी वर्तमान रहेर भविष्यका लागि र हाम्रो भावी पुस्ताको लागि सोच्दै विकास नीति र योजनाहरु संचालन गर्दै जाने प्रतिवद्धता सहित...... ।

बिदा हुन्छु ।

धन्यवाद ्
कमानसिं थापामगर
नगरप्रमुख तथा कार्यकारी अधिकृत